नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
समावेशी शिक्षा शाखा
सानोठिमी, भक्तपुर

प.सं.:- २०७९/०८०
च.नं. १८

फोन : ०१-६६३१०७५
फ्याक्स : ०१-६६३१९७२

मिति :२०७९/०६/३०

श्री स्थानीय तहहरु ।

विषय: विपन्न लक्षित छात्रवृत्तिका लागि बैंक खाता प्रविष्टि प्रक्रिया सम्बन्धमा ।

प्रस्तुत विषयमा यस केन्द्रको च. नं. १७ मिति २०७९/०६/२६ को पत्रबाट शैक्षिक सत्र २०७९ मा कक्षा ९ र ११ मा विपन्न लक्षित छात्रवृत्ति पाउनयोग्य विद्यार्थीहरुलाई पायक पर्ने बैंकमा खाता खोली सोको विवरण शिक्षा तथा मानव स्रोत विकास केन्द्रको एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)मा अद्यावधिक गर्नका लागि अनुरोध गरिएकोमा सोका लागि देहायको प्रक्रिया अवलम्बन गर्नुहुन निर्देशानुसार अनुरोध छ

२०७९/०६/३०
...................
मुक्तादेवी पोखरेल
शाखा अधिकृत

१. विपन्न लक्षित छात्रवृत्ति पाउनयोग्य विद्यार्थीहरुले नेपाल राष्ट्र बैंकबाट (क) वर्गको बैंकको रुपमा मान्यता प्राप्त पायक पर्ने जुनसुकै बैंकमा खाता खोली सोको विवरण अध्ययनरत विद्यालयमा पेश गर्नु पर्नेछ। सहकारी संस्थामा खोलेको खाताले मान्यता प्राप्त गर्ने छैन ।
२. फारम भरेको विद्यालयभन्दा अन्यत्र स्थानान्तरण भई अध्ययन गरिरहेको विद्यार्थीहरुको हकमा फारम भरेको विद्यालयबाट ( IEMIS बाट निकालिएको परिचयपत्र, कक्षा ८ र १० को लब्धांक पत्र ) प्राप्त गरी बैंक खाता नम्बर सहित अध्ययनरत विद्यालयमा विवरण पेश गर्नुपर्नेछ ।
३. विद्यालयहरुले इमिसबाट निकालिएको यो बर्षको परिचयपत्र, कक्षा १० को लब्धांक पत्र र बैंक खाता नम्बर सहितको विवरण सम्बन्धित स्थानीय तहको शिक्षा शाखामा पेश गर्नुपर्नेछ ।
४. स्थानीय तहको शिक्षा शाखाले पेश भएको विवरण रुजु गरी एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा विद्यार्थीको बैंक खाता विवरण , स्थानान्तरण भएको विद्यार्थी भएमा अघिल्लो विद्यालयको IEMIS रजिष्ट्रेशन नम्बर र हाल सामुदायिक विद्यालयमा अध्ययन गरिरहेको भन्ने व्यहोरा रुजु गरी अद्यावधिक गर्नुपर्नेछ ।

नेपाल सरकार
शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय
**शिक्षा तथा मानव स्रोत विकास केन्द्र**
**समावेशी शिक्षा शाखा**
सानोठिमी, भक्तपुर
फोन : ०१-६६३१०७५
फ्याक्स : ०१-६६३१९७२

प.सं.:- २०७९/०८०
च.नं.

५. इमिसमा भरिएको नाम र बैंक खातामा भएको नाम फरक पर्न गएमा ती विद्यार्थी एकै हुन भनेर विद्यालयबाट सप्रमाण पेश गर्दा मात्र स्थानीय तहले थप विवरण प्रविष्टि गर्न सक्नेछ । यस्तो अवस्था आएर विद्यार्थीले छात्रवृत्ति प्राप्त गर्न नसकेमा सम्बन्धित विद्यालय जवाफदेही हुनेछ ।

६. स्थानीय तहहरुका लागि IEMIS मा २०७९ कार्तिक एक देखि कार्तिक मसान्तसम्म यो विवरण अद्यावधिक गर्न Access प्रदान गरिनेछ ।

७. <u>बैंक खाता अपलोड गर्ने तरिका</u>

- Iemis.cehrd.gov.np मा स्थानीय तहको User ID र Password प्रयोग गरेर PMT मा Add PMT Student Declaration मा क्लिक गर्नुहोस् ।
- बर्षमा २०७८ सेलेक्ट गर्नुहोस्, छात्रवृत्ति परेको विद्यार्थीको Registration no. प्रविष्टि गर्नुहोस् ।
- अभिभावक मध्ये Father, Mother, Guardian मध्ये कुनै एक रोज्नुहोस् र अभिभावकको सम्पर्क नम्बरमा नम्बर प्रविष्टि गर्नुहोस् ।
- विवरण मिलेपछि विद्यार्थीको विवरण देखिन्छ र Current Grade मा ९ वा ११ भनेर देखियो भने Agree मा क्लिक गरेर स्थानीय तहले बैंकको नाम, खाता नम्बर, अघिल्लो कक्षाको GPA प्रविष्टि गर्नुहोस् ।
- Current Grade मा PAD भनेर देखियो भने Current Registration ID मा स्थानान्तरण भएर गएको विद्यालयको Registration Id प्रविष्टि गर्नुहोस् ।सो विवरण मेल खाएमा माथि भनेको जस्तै गरि Agree गरेर विवरण प्रविष्ट गर्नुहोस् ।